राष्ट्रसंघको सुझाव आवश्यकताअनुसार एआई विकास गर

■ एजेन्सी
न्युयोर्क, मंसिर ७



देशहरूले कृत्रिम बुद्धिमत्ता (एआई) क्षेत्रमा क्षमता विकास गर्न अत्याधुनिक एआई मोडेलमै निर्भर हुनुपर्ने आवश्यकता नरहेको संयुक्त राष्ट्रसंघीय प्यानलले जनाएको छ । संयुक्त राष्ट्रसंघको स्वतन्त्र अन्तर्राष्ट्रिय वैज्ञानिक एआई प्यानलले आइतबार सार्वजनिक गरेको दोस्रो विषयगत प्रतिवेदनमा देशहरूले विद्यमान एआई प्रणाली प्रयोग गर्न, खुला रूपमा उपलब्ध मोडेललाई सञ्चालन वा परिमार्जन गर्न अथवा आफ्नै मोडेल विकास गर्न सक्ने उल्लेख गरेको छ ।

प्यानलका अनुसार जुनसुकै बाटो अपनाए पनि त्यसको सफलता तथ्यांक, उपयुक्त कम्प्युटिङ क्षमता, दक्ष जनशक्ति, कार्यप्रणाली र संस्थागत संरचनामा गरिने लगानीमा निर्भर हुन्छ । कुन प्रविधि अपनाउने भन्ने निर्णय समाधान गर्नुपर्ने समस्या, उपलब्ध स्रोतसाधन र राष्ट्रिय प्राथमिकताका आधारमा गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । अत्याधुनिक एआई मोडेलले समग्र अर्थतन्त्रको उत्पादकत्वमा कति सुधार ल्याउँछन् भन्ने विषय अझै अनिश्चित र अध्ययनकै क्रममा रहेको प्यानलले जनाएको छ। तर, देशहरूले विशिष्ट कामका लागि सीमित उद्देश्यका एआई प्रणाली विकास गरेर वा खुला मोडेललाई स्थानीय आवश्यकताअनुसार परिमार्जन गरेर पनि एआईबाट लाभ लिन सक्ने प्रतिवेदनमा उल्लेख छ ।

यसले देशहरूलाई आफ्नै आवश्यकता र प्राथमिकताअनुसार सार्वभौम एआई क्षमता विकास गर्न सहयोग पुग्ने प्यानलको भनाइ छ । स्थानीय भाषा र सांस्कृतिक परिवेशअनुकूल एआई मोडेल विकास गर्दै आवश्यक जनशक्ति र प्राविधिक क्षमता विस्तार गर्न सकिने पनि प्रतिवेदनमा उल्लेख छ । साथै, अत्याधुनिक एआई प्रणाली प्रयोग गर्नुअघि र प्रयोगका क्रममा प्रभावकारी सुरक्षा मापदण्ड तथा नियमन सुनिश्चित गर्नुपर्नेमा जोड दिइएको छ ।

प्यानलका अनुसार यसरी अघि बढ्दा देशहरूले एआईसँग सम्बन्धित विभिन्न जोखिम न्यूनीकरण गर्दै यसको सम्भावित लाभमा व्यापक सहभागिता जनाउन सक्नेछन् । प्रतिवेदनले तथ्यांक र त्यसको व्यवस्थापनलाई सबैभन्दा बढी पुनःप्रयोग गर्न सकिने महत्वपूर्ण आधारका रूपमा औँल्याएको छ । तर, यस क्षेत्रमा हाल सबैभन्दा कम लगानी भइरहेको पनि उल्लेख गरिएको छ ।

खुला एआई मोडेल, भाडामा लिइएको कम्प्युटिङ क्षमता र व्यवस्थित स्थानीय तथ्यांकको प्रयोगबाट तुलनात्मक रूपमा कम खर्चमै भाषा मोडेललाई स्थानीय आवश्यकताअनुसार सफलतापूर्वक परिमार्जन गर्न सकिने प्यानलले जनाएको छ । उक्त विषयगत प्रतिवेदन बार्बाडोस सरकार र संयुक्त राष्ट्रसंघको सहआयोजनामा सोमबार आयोजना हुने एआई सुरक्षासम्बन्धी ब्रिजटाउन विशेष शिखर सम्मेलनअघि सार्वजनिक गरिएको हो सिन्ह्वाले उल्लेख गरेको छ ।

सेयरबजारमा लगानी बढाउन चीनको नयाँ कदम



बेइजिङ, मंसिर ७ । चीनले आफ्नो सेयर बजारलाई स्थिर बनाउन विभिन्न उपायहरु घोषणा गरेको छ । यसअन्तर्गत ऋण लिएर सेयर खरिद गर्ने लगानीकर्ताका लागि आवश्यक न्यूनतम मार्जिन रकम घटाउने निर्णय गरिएको छ ।

चीनको धितोपत्र नियामक निकायका अनुसार सांघाई, सेन्जेन र बेइजिङ स्टक एक्सचेन्जमा मार्जिन अनुपात १०० प्रतिशतबाट घटाएर ८० प्रतिशत कायम गरिनेछ । उक्त व्यवस्था नोभेम्बर ३० देखि लागू हुनेछ । यस निर्णयबाट बजारमा सैद्धान्तिक रूपमा करिब ४०० अर्ब युआन (झन्डै ५९ अर्ब ५८ करोड अमेरिकी डलर) थप लगानीयोग्य रकम भित्रिने अनुमान गरिएको छ ।

विशेषज्ञहरूका अनुसार मार्जिन अनुपात घटाउनु चीनको सेयर बजारमा प्रतिकूल आर्थिक चक्रको प्रभाव कम गर्न प्रयोग गरिने प्रमुख नीतिगत उपकरणमध्ये एक हो । विगतमा पनि यस्तो अनुपात घटाउँदा मार्जिन कारोबार र सेयर खरिदबिक्री गतिविधिमा वृद्धि भएको थियो । यसैबीच, सांघाई र सेन्जेन स्टक एक्सचेन्जले विभिन्न शुल्कमा छुट दिने नयाँ व्यवस्था पनि ल्याएका छन् । यसअन्तर्गत सहभागी संस्थाहरूले तिर्नुपर्ने बिजनेस युनिट प्रयोग शुल्क मिनाहा गरिनेछ ।

यसअघि नै लागू गरिएको सूचीकृत कम्पनीहरूको लिस्टिङ शुल्क तथा ऋणपत्र कारोबारसम्बन्धी शुल्क छुटको व्यवस्था पनि सन् २०२८ सम्म थप दुई वर्षका लागि निरन्तरता दिइनेछ । सेन्जेन स्टक एक्सचेन्जले सोही दिन चीनको प्रविधि तथा विकासमुखी कम्पनीहरूको बजार मानिने ऋजष्ल्भहत बोर्डमा सेयर कारोबारका लागि मार्केट मेकर प्रणालीसम्बन्धी नियमको मस्यौदामाथि सार्वजनिक राय माग्न सुरू गरेको छ ।

एक्सचेन्जका अनुसार मार्केट मेकर प्रणाली लागू गर्नाले बजारमा सेयरको माग तथा आपूर्तिलाई सहज बनाउनुका साथै बजारको स्थायित्व र कारोबारको गुणस्तर सुधार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । पछिल्ला केही दिनयता चीनका प्रमुख सेयर बजार सूचकहरु ओरालो लागिरहेका बेला यी उपायहरु सार्वजनिक गरिएका हुन्। यसअघि शुक्रबार अमेरिकी सेयर बजारमा आएको ठूलो गिरावटले पनि विश्वका लगानीकर्तामा चिन्ता बढाएको थियो ।

यसै महिनाको सुरूवातमा चीनको केन्द्रीय बैंकले पनि पुँजी बजारलाई सहयोग पुऱ्याउने उद्देश्यले मौद्रिक नीतिमा थप सहजीकरण गरेको थियो । बैंकले सेक्युरिटिज, फन्ड तथा बिमा कम्पनीहरूका लागि बनाइएको स्वाप सुविधा तेस्रोपटक सञ्चालन गरेको थियो। यसबाट वित्तीय संस्थाहरूलाई रकम जुटाउन र सेयर बजारमा लगानी गर्ने क्षमता बढाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । त्यस्तै, सेयर पुनर्खरिद तथा सेयर स्वामित्व वृद्धि गर्न उपलब्ध गराइने पुनः कर्जा सुविधाको ब्याजदरसमेत घटाइएको छ ।

चीन सरकारले पछिल्ला नीतिगत कदममार्फत सेयर बजारमा लगानी प्रवाह बढाउने, लगानीकर्ताको विश्वास कायम राख्ने र बजारको स्थायित्व सुधार गर्ने प्रयास गरेको सिन्ह्वाले उल्लेख गरेको छ ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

प्रधान कार्यालय : बालुवाटार, काठमाण्डौं

फोन नं. : ०१-४५४५४२४/२५/२६/२७/२८/३०, वेभसाइट : www.garimabank.com.np

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/०८

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै दस्तुर रकम तिर्न बुझाउन पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिँदाको बखत धितो सुरक्षण स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

१. ऋणीको विवरण

ऋणीको नाम : न्यू जानकी कस्मेटीक एण्ड फेन्सी पसल
फर्मको ठेगाना : इटहरी उ.म.न.पा.-१७, सुनसरी
फर्म दर्ता नं. : ४३३
फर्म दर्ता मिति : २०७८/०४/३१
फर्मको पान नं. : ६००८८२२११
फर्म दर्ता निकाय : इटहरी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय १७ नं. वडा कार्यालय इटहरी, सुनसरी
प्रोप्राईटर : जानकी कुमारी थरुनी
कर्जा शिर्षक : साना तथा मझौला व्यवसाय कर्जा
शाखा कार्यालय : इटहरी, सुनसरी

व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण

क) नाम, थर : जानकी कुमारी थरुनी
पतिको नाम : मानपुर चौधरी
ससुराको नाम : रक्सु चौधरी
स्थायी ठेगाना : मधेली गा.वि.स.-५, सुनसरी
हालको ठेगाना : इटहरी उ.म.न.पा.-१४, सुनसरी
ना.प्र.नं. : २७७६
जारी मितिः २०४५/०२/२४, जारी जिल्लाः सुनसरी
ख) नाम, थर : मानपुर चौधरी
बावुको नाम : रक्सु चौधरी
बाजेको नाम : बडिलाल चौधरी
स्थायी ठेगाना : एकम्बा गा.वि.स.-९, सुनसरी
हालको ठेगाना : इटहरी उ.म.न.पा.-१४, सुनसरी
ना.प्र.नं. : ९१७६/२१३६/१६३०
जारी मितिः २०३५/१२/०९, जारी जिल्लाः सुनसरी

सुरक्षण धितोको विवरण : भूमी प्रशासन कार्यालय, इनरुवा, सुनसरीमा मानपुर चौधरीको नाममा दर्ता श्रेस्ता कायम रहेको एकम्बा गा.वि.स. स्थित वडा नं. ९ र नक्सा सीट नं. ९ख को कित्ता नं. ५९ क्षे.फ. ०-२-५ बिघा भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. ऋणीको विवरण

ऋणीको नाम : कमला देवी कवर/तिल बहादुर कवर
क) नाम, थर : कमला देवी कवर
पतिको नाम : पदमबहादुर कवर
ससुराको नाम : वम्व बहादुर कवर
स्थायी ठेगाना : वुटवल-५, रुपन्देही
हालको ठेगाना : वुटवल उ.म.न.पा.-३, रुपन्देही
ना.प्र.नं. : १६५०८
जारी मिति : २०५८/११/१९, जारी जिल्ला : रुपन्देही
ख) नाम, थर : तिल बहादुर कवर
बावुको नाम : पदम बहादुर कवर
बाजेको नाम : वम्व बहादुर कवर
स्थायी ठेगाना : वुटवल न.पा.-५, रुपन्देही
हालको ठेगाना : वुटवल उ.म.न.पा.-३, रुपन्देही
ना.प्र.नं. : ३७-०२-७३-०५४१९
जारी मिति : २०७३/०८/०२, जारी जिल्ला : रुपन्देही
कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा
शाखा कार्यालय : योगीकुटी, रुपन्देही

व्यक्तिगत धन जमानीकर्ताको विवरण

क) नाम, थर : कमल सुनार
बावुको नाम : बुद्धि बहादुर सुनार
बाजेको नाम : डम्बर बहादुर सुनार
स्थायी ठेगाना : वुटवल-४, रुपन्देही
हालको ठेगाना : वुटवल उ.म.न.पा.-३, रुपन्देही
ना.प्र.नं. : ३७२०२४/५१९१९
जारी मिति : २०६५/१२/१२
जारी जिल्ला : रुपन्देही

सुरक्षण धितोको विवरण

भूमी प्रशासन कार्यालय, वुटवल, रुपन्देहीमा कमला देवी कवर र तिल बहादुर कवरको नाममा दर्ता श्रेस्ता कायम रहेको वुटवल न.पा. स्थित वडा नं. ५ नक्सा सिट नं. ०९८१११८१० को कित्ता नं. १६५ क्षे.फ. १३१.२२ व.मि. भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. ऋणीको विवरण

ऋणीको नामः धनबहादुर क्षेत्री
बावुको नामः टिकाबहादुर पौडेल
बाजेको नामः जहर सिह
स्थायी ठेगाना : पाखापानी गा.बि.स.-१, पर्वत
हालको ठेगानाः वालिङ न.पा.-१, स्याङ्जा
ना.प्र.नं. : ५१२२७६६
जारी मिति : २०५५/०९/०९, जारी जिल्लाः पर्वत
कर्जा शीर्षकः विपन्न वर्ग कर्जा
शाखा कार्यालय : वालिङ, स्याङ्जा

व्यक्तिगत धन जमानीकर्ताको विवरण

क) नाम, थर : हरि माया क्षेत्री
पतिको नाम : धनबहादुर क्षेत्री
ससुराको नाम : टिकाबहादुर पौडेल
स्थायी ठेगाना : पाखापानी गा.वि.स.-१, पर्वत
हालको ठेगानाः वालिङ न.पा.-१, स्याङ्जा
ना.प्र.नं. : १८९६०
जारी मिति : २०५४/०९/१३
जारी जिल्लाः पर्वत

सुरक्षण धितोको विवरण : भूमी प्रशासन कार्यालय, कुस्मा, पर्वतमा सेती पौडेलको नाममा दर्ता श्रेस्ता कायम रहेको पाखापानी गा.वि.स. वार्ड नं. १ स्थित कित्ता नं. १०३४, १२९५, १०२०, ७०९, ६०५, १०१५ र ९४४ क्षे.फ. ३-०-३-२, १-६-३-३, १-६-३-१, ०-१३-१-२, ०-५-३-१, १-३-०-० र १-७-३-० रोपनी भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

४. ऋणीको विवरण

ऋणीको नाम : न्यू निरन ट्रेडर्स
फर्मको ठेगाना : रतुवामाई-८, मोरङ
फर्म दर्ता नं. : ३०३६४/०७४/७५, स्थानिय व्यापार
फर्म दर्ता मिति : २०७४/०९/१३
फर्मको पान नं. : ६०३८९७७८४
फर्म दर्ता निकाय : नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, विराटनगर
प्रोप्राईटर : काजीमान लामीछाने बस्नेत
कर्जा शीर्षक : साना तथा मझौला अधिविकर्ष कर्जा र साना तथा मझौला आवधिक कर्जा
शाखा कार्यालय : उर्लाबारी, मोरङ

व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण

क) नाम, थर : काजीमान लामीछाने बस्नेत
बावुको नाम : उदय वहादुर लामीछाने बस्नेत
बाजेको नाम : हस्त वहादुर लामीछाने बस्नेत
स्थायी ठेगाना : इटहरा गा.वि.स.-७, मोरङ
हालको ठेगाना : रतुवामाई न.पा.-८, मोरङ
ना.प्र.नं. : ४०६४/२५९३
जारी मिति : २०५४/०७/०७, जारी जिल्ला : मोरङ
ख) नाम, थर : गोमा कार्की
पतिको नाम : काजीमान लामीछाने बस्नेत
ससुराको नाम : उदय वहादुर लामीछाने बस्नेत
स्थायी ठेगाना : उर्लावारी गा.वि.स.-४, मोरङ
हालको ठेगाना : रतुवामाई न.पा.-८, मोरङ
ना.प्र.नं. : ७६६९/१२३०
जारी मिति : २०५४/०१/१०, जारी जिल्ला : मोरङ

सुरक्षण धितोको विवरण :
१. भूमी प्रशासन कार्यालय, बेलवारी, मोरङमा काजीमान लामीछाने बस्नेतको नाममा दर्ता श्रेस्ता कायम रहेको राजघाट गा.वि.स./न.पा. स्थित वडा नं. ०६, नक्सा सिट नं. ६/श को कित्ता नं. १३५ र १७६ क्षे.फ. ०-४-१० र ०-१-१८ १/४ बिघा भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. भूमी प्रशासन कार्यालय, बेलवारी, मोरङमा काजीमान लामीछाने बस्नेतको नाममा दर्ता श्रेस्ता कायम रहेको राजघाट (बेलवारी) गा.वि.स./न.पा. स्थित वडा नं. ०६, नक्सा सिट नं. ६/ड को कित्ता नं. ८२९ क्षे.फ. ०-१४-८-० बिघा भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

५. ऋणीको विवरण

ऋणीको नाम : संझा बहुउदेश्यीय कृषि फर्म
फर्मको ठेगाना : बर्जु-५, सुनसरी
फर्म दर्ता नं. : १८१८५/०७७/०७८
फर्म दर्ता मिति : २०७७/११/२५
फर्मको पान नं. : ६१५४९३४५१
फर्म दर्ता निकाय : प्रदेश सरकार, प्रदेश नं. १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग, कार्यालय, इटहरी, सुनसरी
प्रोप्राईटर : सियाराम सरदार
कर्जा शीर्षक : कृषी अधिविकर्ष कर्जा
शाखा कार्यालय : इनरुवा, सुनसरी

सुरक्षण धितोको विवरण

भूमी प्रशासन कार्यालय, इनरुवा, सुनसरीमा सियाराम सरदारको नाममा दर्ता श्रेस्ता कायम रहेको अमाहीवेल्हा गा.वि.स./न.पा. स्थित वडा नं. ४ र नक्सा सीट नं. ४क को कित्ता नं. १५० क्षे.फ. १,६९२.९२ व.मि. भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण

क) नाम, थर : सियाराम सरदार
बावुको नाम : रेशमलाल सरदार
बाजेको नाम : सरयुग सरदार
स्थायी ठेगाना : अमाहीवेल्हा गा.वि.स.-४, सुनसरी
हालको ठेगाना : बर्जु गा.पा.-५, सुनसरी
ना.प्र.नं. : ३३५/०६३०२६
जारी मिति : २०६३/१०/१३, जारी जिल्ला : सुनसरी
ख) नाम, थर : सुनिता देवी सरदार
पतिको नाम : सियाराम सरदार
ससुराको नाम : रेशमलाल सरदार
स्थायी ठेगाना : अमाहीवेल्हा गा.वि.स.-४, सुनसरी
हालको ठेगाना : बर्जु गा.पा.-५, सुनसरी
ना.प्र.नं. : ०६-०१-७२-०१७०८
जारी मिति : २०७२/०२/१९, जारी जिल्ला : सुनसरी
ग) नाम, थर : जयराम सरदार
बावुको नाम : रेशम लाल सरदार
बाजेको नाम : सरयुग सरदार
स्थायी ठेगाना : बर्जु गा.पा.-५, सुनसरी
हालको ठेगाना : बर्जु गा.पा.-५, सुनसरी
ना.प्र.नं. : ०६-०६-७७-००१३५
जारी मिति : २०७७/०४/०९, जारी जिल्ला : सुनसरी

६. ऋणीको विवरण

ऋणीको नामः सावित्री पौडेल/सुजता दाहाल(पौड्याल)
क) सावित्री पौडेल
बावुको नामः गोविन्द प्रसाद उपाध्याय
बाजेको नामः भगीरथ उपाध्याय
स्थायी ठेगानाः बलेफी गा.पा.-८, सिन्धुपाल्चोक
हालको ठेगानाः काठमाण्डौ म.न.पा.-८, काठमाण्डौ
ना.प्र.नं.: २०१०४२/१६४७७३ (काभ्रेपञ्लाचोक)
जारी मितिः २०६४-१०-२०,जारी जिल्लाः सिन्धुपाल्चोक
ख) सुजता दाहाल(पौड्याल)
पतिको नामः रुवेन पौड्याल
ससुराको नामः गोविन्द प्रसाद उपाध्याय(पौड्याल)
स्थायी ठेगानाः मांखा गा.वि.स.-१, सिन्धुपाल्चोक
हालको ठेगानाः मध्यपुर ठिमी न.पा.-९, भक्तपुर
ना.प्र.नं.: २४-०१-७२-०८०४२
जारी मितिः २०७२-१०-२५, जारी जिल्लाः सिन्धुपाल्चोक
कर्जा शीर्षकः आवास कर्जा
शाखा कार्यालयः गट्ठाघर, भक्तपुर

व्यक्तिगत धन जमानीकर्ताको विवरण

क) नाम, थरः रुवेन पौडयाल
बावुको नामः गोविन्द प्रसाद उपाध्याय (पौडयाल)
बाजेको नामः भगीरथ उपाध्याय
स्थायी ठेगानाः बलेफी गा.पा.-८, सिन्धुपाल्चोक
हालको ठेगानाः मध्यपुर ठिमी न.पा.-९, भक्तपुर
ना.प्र.नं.: ४७०४६/११२३४७
जारी मितिः २०६०-०२-०८
जारी जिल्लाः सिन्धुपाल्चोक

सुरक्षण धितोको विवरण

भूमि प्रशासन कार्यालय, भक्तपुरमा सावित्री पौडेल/सुजाता दाहाल (पौड्याल)को नाममा दर्ता श्रेस्ता कायम रहेको मध्यपुर ठिमी नगरपालिका वडा नं. ७ कित्ता नं. १९२ क्षे.फ. ९५.५० वर्ग मिटर भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

७. ऋणीको विवरण

ऋणीको नाम : मान बहादुर लिम्बु
बावुको नामः काली बहादुर लिम्बु
बाजेको नामः आसमान लिम्बु
स्थायी ठेगाना : पृथ्वीनगर गा.वि.स.-१, झापा
हालको ठेगानाः भद्रपुर न.पा.-१, झापा
ना.प्र.नं.: ९९०१३४८६
जारी मितिः २०६०/१२/२३, जारी जिल्लाः झापा
कर्जा शीर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा
शाखा कार्यालय : बनियानी, झापा

व्यक्तिगत धन जमानीकर्ताको विवरण

क) नाम, थर : नरमाया गुरुङ्ग
पतिको नामः मान बहादुर लिम्बु
ससुराको नामः .काली बहादुर लिम्बु
स्थायी ठेगानाः बनियानी गा.वि.स.-९, झापा
हालको ठेगानाः भद्रपुर न.पा.-१, झापा
ना.प्र.नं.: ०४१०२४/९८१
जारी मितिः २०६८/०७/०३
जारी जिल्लाः झापा

सुरक्षण धितोको विवरण : भूमी प्रशासन कार्यालय, भद्रपुर, झापामा मान बहादुर लिम्बुको नाममा दर्ता स्रेस्ता कायम रहेको पृथ्वीनगर गा.वि.स. वडा नं. १ नक्सा सिट नं १८००७२४ स्थित कित्ता नं. २२९, २३१, ३६२ र ३६४ क्षे.फ. ४३०.००, ११५.००, ७१०.०० र २१९९.०२ व.मि. भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

८. ऋणीको विवरण

ऋणीको नाम : एक बहादुर गुरुङ
बावुको नामः कुम्बसिं गुरुङ
बाजेको नामः जीत बहादुर
स्थायी ठेगानाः माझकोट गा.वि.स.-३, स्याङ्जा
हालको ठेगानाः वालिङ्ग न.पा.-३, स्याङ्जा
ना.प्र.नं.: ६३२५
जारी मितिः २०३९/०१/०३
जारी जिल्लाः स्याङ्जा
कर्जा शीर्षक : विपन्न वर्ग कर्जा
शाखा कार्यालय : वालिङ, स्याङ्जा

व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण

क) नाम थरः लुकमाया गुरुङ्ग
पतिको नामः नन्द कुमार गुरुङ्ग
ससुराको नामः एक बहादुर गुरुङ
स्थायी ठेगानाः माझकोट गा.वि.स.-५, स्याङ्जा
हालको ठेगानाः वालिङ्ग न.पा.-३, स्याङ्जा
ना.प्र.नं.: ४२२०३९/६३
जारी मितिः २०६७/०९/०४, जारी जिल्लाः स्याङ्जा
ख) नाम थरः हुम बहादुर गुरुङ
बावुको नामः कृष्ण बहादुर गुरुङ
बाजेको नामः नन्दे गुरुङ
स्थायी ठेगानाः सिर्सेकोट गा.वि.स.-५, स्याङ्जा
हालको ठेगानाः वालिङ्ग न.पा.-०९, स्याङ्जा
ना.प्र.नं.: ३१३२
जारी मितिः २०४१/०९/०९, जारी जिल्लाः स्याङ्जा

सुरक्षण धितोको विवरण :
भूमी प्रशासन कार्यालय, वालिङ, स्याङ्जामा एक बहादुर गुरुङको नाममा दर्ता श्रेष्ता कायम रहेको स्याङ्गजा जिल्ला माझकोट सिवालय गा.वि.स. स्थित वडा नं.-३ को कित्ता नं. ७४७, ३७५, ५९२, ६०२, ६५८, ६८९ र ६९० क्षे.फ. २-०-०-०, ४-८-२-२, १०-१२-०-०, १-१०-०-२, १-९-०-३, ५-९-३-१ र १-१-१-१ रोपनी भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

९. ऋणीको विवरण

ऋणीको नामः पदम बहादुर मल्ल
बावुको नामः गुप्त बहादुर मल्ल
बाजेको नामः पुर्ण बहादुर मल्ल
स्थायी ठेगाना : मल्याङकोट गा.वि.स.-२, स्याङ्जा
हालको ठेगानाः वालिङ न.पा.-६, स्याङ्जा
ना.प्र.नं. : १३७८
जारी मिति : २०६०/०८/२४
जारी जिल्लाः स्याङ्जा
कर्जा शीर्षकः लघु उधम कर्जा
शाखा कार्यालय : वालिङ, स्याङ्जा

व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण

क) नाम, थर : टीका मल्ल
पतिको नामः पदम बहादुर मल्ल
ससुराको नामः गुप्त बहादुर मल्ल
स्थायी ठेगानाः मल्याङकोट गा.वि.स.-२, स्याङ्जा
हालको ठेगानाः वालिङ न.पा.-६, स्याङ्जा
ना.प्र.नं. : ४२३०१३/११
जारी मिति : २०६३/१०/०५, जारी जिल्ला : स्याङ्जा
ख) नाम थरः सुश्री होम माया मल्ल
पतिको नामः रमजन अली
ससुराको नामः रहमत अली
स्थायी ठेगानाः सेखाम गा.वि.स.-१, स्याङ्जा
हालको ठेगानाः वालिङ न.पा.-१४, स्याङ्जा
ना.प्र.नं. : ४२३०१८/७२
जारी मितिः २०६३/११/१२, जारी जिल्लाः स्याङ्जा

सुरक्षण धितोको विवरण :
भूमी प्रशासन कार्यालय, वालिङ, स्याङ्जामा ओम कुमारी मल्लको नाममा दर्ता श्रेस्ता कायम रहेको मल्याङकोट गा.वि.स. स्थित वार्ड नं. २ को कित्ता नं. १३११, १३०३, ६०, १३०५, १३०७ र १३०९ क्षे.फ. ०-४-३-२, ०-८-०-१, २-६-०-३, १-०-०-३, ०-४-२-३ र २-१४-१-१ रोपनी भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

शर्त बन्देजहरू :
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा शाखा कार्यालयहरुमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८३/०८/२५ गते शुक्रबार दिनको ४:०० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रिय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोक्न सक्नेछन् ।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque साथै विद्युतीय माध्यमबाट रकम जम्मा गरेको भए सो को भौचर (Receipt) समेत राखि शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा आफुले कुन कुन सम्पत्ति के कति दर र रकममा खरीद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट साथ खुलाउनु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
९. बोलपत्रकर्ताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानून बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनु पर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रको मितिले २१ दिन भित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको समयावधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरीनेछ र यस रकममा कुनै ब्याज प्रदान गरीने छैन ।
११. स्वीकृत भएको बोलपत्रकर्ताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गर्नुपर्नेछ । यस्तो सम्पत्ति नामसारी गर्दा सम्बन्धित निकायमा कानून बमोजिम लाग्ने/बुझाउनु पर्ने दै-दस्तुर, कर/राजस्व लगायतका अन्य सम्पूर्ण खर्चहरु बोलपत्रकर्ता स्वयंले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरु बाट रु. १,०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिनेछ ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।